प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## शासकीय सुधार महाशाखा

कोशी प्रदेश, विराटनगर, नेपाल

## लेख रचना उपलब्ध गराउने सम्बन्धि सूचना !

पहिलो पटक प्रकाशित मितिः २०८१/०६/१६

संघीयता कार्यान्वयनको परिप्रेक्ष्यमा कोशी प्रदेश प्रशासनका सवालहरू उजागर गर्न, प्रदेशका नीति, रणनीति एवम् कार्यक्रमहरूका बारेमा सरल ढङ्गले प्रसार गर्न साथै सार्वजनिक प्रशासन तथा व्यवस्थापनका क्षेत्रमा अनुभवी, अध्ययनशील कर्मचारी तथा प्राज्ञिक वर्गको धारणा र विचार उजागर गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट **कोशी दर्पण** नामक पत्रिकाको पहिलो अङ्क प्रकाशित भइसकेको बेहोरा सहर्ष जानकारी गराउँदछौं। अब प्रकाशित हुने कोशी दर्पणको दोस्रो अङ्क कोशी प्रदेशसँग सम्बन्धित बिषयबस्तु समेटिएको बिशेषाङ्क रहनेछ। यसका लागि देहायका बिषयक्षेत्र एवम् ढाँचामा कोशी प्रदेशको भुगोलमा केन्द्रित रहेर विचारमूलक तथा अनुसन्धानमूलक/ तथ्यमूलक लेख/रचनाहरूको विद्युतीय प्रति २०८१/०८/३० गतेभित्र यस कार्यालयको इमेल ठेगाना planning.ocmcm@p1.gov.np मा उपलब्ध गराइदिनुहुन इच्छुक सबैमा अनुरोध छ।

२०८१/०६/१६
उप-सचिव

१. विषयक्षेत्रहरू

- पर्यटन क्षेत्रको अवसर तथा चुनौती,
- संघीयता पश्चात कोशी प्रदेशको सामाजिक एवम् आर्थिक रुपान्तरण,
- सूचना तथा सञ्चार प्रविधि विकासको प्राथमिकता,
- हाइड्रोपावरको वर्तमान अवस्था र सम्भावना,
- कोशी प्रदेशको दोस्रो आवधिक योजनासँग सम्बन्धित,
- वातावरण, वन जङ्गल तथा वन्यजन्तु र विकास,
- स्वास्थ्य क्षेत्र विकासमा प्रदेशको भुमिका र अवसर,
- कृषि रुपान्तरणको अवसर र जोखिम,
- प्रदेशमा जलवायू परिवर्तनको असर र जोखिम,
- कर्मचारी समायोजनको विश्लेषण,
- प्रदेशमा लगानीको वातावरणसँग सम्बन्धित

२. लेख/रचनाको ढाँचा

क. विचारमूलक लेख/रचनाको ढाँचा (कम्तिमा १५०० शब्द)

- शीर्षक (Heading),
- लेखसार (Abstract) ( १५० शब्दमा),
- शब्दकुञ्जी (Keywords) ( ५ शब्दमा),
- पृष्ठभूमि (Background),
- विश्लेषणात्मक प्रस्तुति (Analysis),
- निष्कर्ष (Conclusion),
- सन्दर्भ (References)।

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## शासकीय सुधार महाशाखा

कोशी प्रदेश, विराटनगर, नेपाल

ख. अनुसन्धानमूलक/तथ्यमूलक लेख/रचनाको ढाँचा (कम्तिमा ३००० शब्द)

- शीर्षक (Heading),
- लेखसार (Abstract) (१५० शब्दमा),
- मुख्य शब्दावली (Keyword) ( ५ शब्दमा),
- पृष्ठभूमि (Background),
- अध्ययनको उदेश्य (Objective of the study),
- सम्बन्धित साहित्यको पुनरावलोकन (Literature Review),
- अध्ययन विधि (Methodology),
- तथ्याङ्क प्रस्तुति र विश्लेषण (Data presentation and Analysis),
- प्राप्ति र विश्लेषण (Result and Discussion),
- निष्कर्ष (Conclusion),
- कृतज्ञता (Acknowledgment),
- सन्दर्भ सामग्री (References)।

३. अन्य विषयहरू

- लेख/रचना नेपाली, अंग्रेजीमध्ये एक भाषामा पठाउन सकिनेछ।
- लेखकको सङ्क्षिप्त परिचय, मोवाईल नम्बर, इमेल, एक प्रति पासपोर्ट साइजको फोटो लेखसँगै संलग्न राखि उपलब्ध गराउनुपर्नेछ।
- नेपाली भाषाका लेख/रचनाका लेखकले लेख शीर्षक (Heading), तथा शब्दकुञ्जी (Keywords) अङ्ग्रेजी भाषामा समेत अनुवाद गरी पठाउनुपर्नेछ।
- भाषिक तथा व्याकरणीय शुद्धता कायम गर्नुपर्नेछ।
- लेख/रचनामा प्रस्तुत गरिएका चित्र, टेवल, तालिका आदि सम्पादन (Edit) गर्न सकिने हुनुपर्नेछ।
- कुनै संस्था वा व्यक्तिको कुनै प्रकारको सहयोग (आर्थिक, प्राविधिक वा अन्य) बाट अनुसन्धान कार्य गरेको भए सहयोगकर्ता वा दातालाई लेखको अन्त्यमा कृतज्ञता ज्ञापन गरेको हुनुपर्नेछ।
- पठाइएका लेख रचनामा सन्दर्भ सामग्रीका रुपमा उल्लेख गरिएका कृतिको सूची, तत्काल प्रचलित एपीए ढाँचा (APA 7th Edition) मा उल्लेख गर्नुपर्नेछ।
- लेख/रचना नेपाली भाषामा भए युनिकोड, कालीमाटी फन्ट (१२) तथा अङ्ग्रेजी भाषामा भए Times New Roman फन्ट (१२) मा हुनुपर्नेछ तथा पृष्ठको सबैतर्फ १ इन्च मार्जिन छोडेको हुनुपर्नेछ।
- प्राप्त लेख/रचनाहरू यसै अङ्कमा प्रकाशन गर्न नसकिएमा आपसी समझदारीमा आगामि अङ्कमा प्रकाशन गर्न सकिनेछ। लेख/रचना अस्वीकृत भएमा सम्बन्धित लेखकलाई कारण सहित जानकारी गराइनेछ।
- प्रकाशित लेख/रचनाको पारिश्रमिक तोकिएबमोजिम हुनेछ।
- लेख/रचनासँग सम्बन्धित सम्पूर्ण निर्णय सम्पादक मण्डल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निहित रहनेछ।

उप-सचिव